छैठौ गाउँसभा बैठकमा २०७७ साल असार १० गते बुधवार
अध्यक्ष विक्रम चौधरीज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम

पिपरा गाउँपालिका महोत्तरी
२०७७
www.pipramun.gov.np

# पिपरा गाउँपालिकाका अध्यक्ष श्री विक्रम चौधरी ज्यूबाट प्रस्तुत पिपरा गाउँपालिकाको छैठौ गाउँ सभाबाट पारित हुने आ.व.२०७७/०७८ को नीति, बजेट, कार्यक्रम तथा अन्य निर्णय सम्बन्धी संक्षिप्त वक्तव्य

.............................................................

पिपरा गाउँपालिकाको छैठौ गाउँ सभाबाट पारित हुने आ.व. २०७७/०७८ को नीति, बजेट, कार्यक्रम तथा अन्य निर्णयहरु ।

उपाध्यक्ष ज्यू ,

वडा अध्यक्ष ज्यूहरु ,

कार्यापालिका सदस्य ज्यूहरु,

गाउँ सभाका सदस्य ज्यूहरु,

प्रमुख प्रशासकिय अधिकृत ज्यू,

आर्थिक प्रशासन प्रमुखज्यू,

विषयगत शाखाको संयोजक ज्यूहरु

वडा सचिवज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी तथा सहयोगी साथीहरु ।

यस सभामा उपस्थित अन्य महानुभावहरु समेत ।

पिपरा गाउँपालिकाको छैठौ गाउँ सभाबाट आ.व. २०७७/०७८ को नीति, बजेट, कार्याक्रम तथा अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको शुभ घडीमा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई नयाँ नेपालको परिकल्पना भित्र पिपरा गाउँपालिकाको उज्वल भविष्य सुनिश्चत गर्ने सोचका साथ पिपरा गाउँपालिकाको छैठौ गाउँ सभाबाट पारित हुने आ.व. २०७७/०७८ को नीति बजेट तथा कार्याक्रम एवं अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको यस गरिमामय अवसरमा आफनो अमूल्य समय दिई हाम्रो निमन्त्रणालाई सहजरुपमा स्वीकार गरी समारोमा पाल्नु भएकोमा सबै महानुभावहरुमा म आफनो व्यक्तिगत तर्फबाट र पिपरा गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत र सम्मान व्यक्त गर्दछु ।

आफनो क्षेत्रको विकासको लागि साधनको परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समान रुपमा वितरण गरी सामाजिक समानता कायम गर्न सबै वर्गका जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान एवं स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम व्यापक अधिकार प्राप्त गाउँ सभाबाट पारित हुने आ.व. २०७७/०७८ को नीति वजेट तथा कार्यक्रम एवंम सभाका निर्णयहरु सम्पुर्ण गाउँसभाका सदस्यहरु समक्ष प्रस्तुत गर्न पाँउदा म लगायत सिंगो गाउँपालिका संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ विभिन्न काल खन्डमा भएका एतिहासिक संघर्स र जन आनदोलन तथा मधेश आन्दोलनमा देश र जनताको लागि आफनो प्राण उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात महान शहीदहरु प्रति अत्यन्त निष्ठापुर्वक आफनो श्रदा सुमनअर्पण गर्दै उहाँहरुको आत्माको चिर शान्तिको कामना गर्दछु र सम्पूर्ण सहिद परिवारहरु प्रति सम्मान समेत व्यक्त गर्दछु । साथै

विभिन्न चरनका आन्दोलनका क्रममा घाइते भइ शारीरीक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक साहुनुभुति प्रकट गर्दैं वहाहरुको सहज जिवन यापनको कामना गर्दछु ।

आदरणीय सम्पूर्ण महानुभावहरु ,

विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा अगाडी बढाउन व्यवस्थित योजना तर्जुमालाइ पुर्व सर्त मानिन्छ । जनताले आफनो आवश्यक्तालाई सम्बोधन गर्ने योजनाहरु आफनै सहभागितामा छनौट गर्न सकनु भने अवधारना अनुरुप न्युन्तम समयको उपयोग गर्दैं आ.व. २०७७/०७८ को लागि टोल-टोल वस्ति-वस्ति बाट सहभागिता मुलक पद्यती अनुसार योजना संकलन गरी वडा भेला बाट प्रस्तावित योजना तथा कार्यक्रम उपर गाउँ कार्यपालिकामा छलफल गरी तयार पारिएको एकीकृत योजना आजको यो छैठी गाउँ सभामा पारीत गर्नको निमित पेश गर्दछु । प्रस्तुत बजेट योजना, तथा कार्यक्रम यसै आर्थिक बर्ष भित्रै समपन्न हुने गरी तयार पारेको छु । पिपरा गाउँपालिकाको विद्यमान सम्भावनाहरुलाइ समान प्रथमिकताका साथ गम्भिर भएर परिचालन गर्नु पर्ने चुनौती हामी सामु आएको छ । जसको सामना विकासमा सहमतिको नाराले मात्र गर्न सकिने देखिन्छ । पिपरा गाउँपालिकालाई सही दिसा प्रदान गर्न विगतका प्रयासहरुको समिक्षा गरि त्रुटीहरुलाइ दोहरीन नदीई सफलताहरुको अनुकरण तथा परिवर्तित सन्दर्भलाइ सम्बोधन गर्ने गरि नयाँ अभ्यासहरुको थालनी गर्नु अनिवार्य देखिएको छ ।

आदरणीय महानुभावहरु,

सबै सकारात्मक उपलब्धि हुँदाहुदै पनि पिपराको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मूलभुत चुनौतीहरु यस प्रकार प्रस्तुत गरेको छु ।

विकासका आर्थिक विकास सामाथिक विकास पुर्वाधार विकास राजनैतीक तथा प्रशासनिक विकासमा गत विगत भन्दा आर्थिक बर्ष २०७६।०७७ मा धेरै चुनौतीहरुलाइ सामना गर्दैं साकारातमक उपलब्धि भएको कुरा आमजन्तालाइ महसुस भएकै छ । तथापी चुनौती रहीत भने छैन त्यसैले विकासका हरेक पक्षमा भएका समस्याहरुलाई औल्याउँदै त्यसमा आएका चुनौतीहरुलाइ सामना गर्दैं सकारात्माक उपलब्धि हासिल गर्ने उदेश्य लिइ आर्थिक वर्ष २०७७/०७८ को बजेट तयार गरिएको छ ।

आदरणीय महानुभावहरु,

अब म यस गरिमामय समारोह समक्ष गाउँ सभाबाट पारित हुने आर्थिक बर्ष २०७७/०७८ को मुख्य मुख्य नीतिहरु योजना तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्ने अनुमति चाहन्छु । विस्तृत विवरण पछि पुस्तकमा प्रकाशन हुने गरी सम्भवत अधिकांश मानिसहरुको हातमा पुर्याउने छु ।

**आर्थिक बर्ष २०७६।०७७ मा गाउँ सभाले पारीत गरेका नीति तथा कार्यक्रमहरु मध्ये कार्यन्वयन भईसकेको नीति तथा कार्यक्रमहरु बाहेक चालु अवस्थामा रहेको नीति तथा कार्यक्रम र कार्यन्वय गर्न बाँकी रहेका नीति तथा कार्यक्रमहरुलाइ यस आ.ब. २०७७।०७८ मा प्राथमित्ताका साथ निरन्तरता दिईनेछ ।**

पूर्वाधार तथा संरचना विकास

१. यस गाउँपालिकालाई विकासोन्मुख तथा गुरुयोजना बमोजिम अधारभुत सिटीको रुपमा विकास गरिनेछ ।

२. वडा समितिको सिफारिस तथा गाउँ कार्यपालिकाबाट पेश भै आएको योजनाहरुलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ ।

३. ऐतिहासिक एवं धार्मिक, संस्कृतिक महत्वका पोखरीहरुलाई व्यवस्थित गरिनेछ

४. गाउँमा पुर्वाधार विकास को निमित निजि तथा गैर सरकारी क्षेत्रको लगानि भित्र्याईनेछ ।

५. पुरानो बजारहरुलाइ क्रमश: सुधार गरी सडक चौडा (फराकिलो) गर्ने, ढल तथा नालाको व्यवस्था गरीने छ ।

६. पुर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्रि,बालमैत्री,वातावरणमैत्री मापदनण्ड वमोजिम गरिनेछ ।

७. वडा कार्यलयको भवन नभएको ठाउमा क्रमश: भवन निर्माण गरिने छ ।

८. आवश्यकता अनुसार अन्य पुर्वाधार निर्माण गरिनेछ ।

जनसंख्या तथा सामाजिक विकासः-

१. जनस्तरबाट सञ्चालित सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

२. खेलकुदको स्तर विकास गर्न गाउँपालिका क्षेत्रका खेलाडीहरुलाई प्रोत्साहनको लागी गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ ।

३. नगरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिरणमा विशेष जोड दिईनेछ ।

४. स्थानीय मेलमिलाप मध्यस्थताको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ ।

५. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

महिला, बालबालिका तथा अन्य लक्षित बर्गः-

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. बाल क्लब गठनलाइ प्रथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्रथमिकताका साथ कार्यन्वयन गरि बालमैत्री गाउँपालिका तुल्याउने नीति अंगीकर गरिने छ ।

३. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रबर्द्धन एवं निर्णय प्रकियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण क्षमता विकास सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

४. महिला विरुद्धको सबै किसमिको भेदभाव, हिंसा, र शोषण अन्त्य गरिनेछ ।

५. महिला, वालवालिका तथा जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुलाई सुरक्षा तथा संरक्षण गर्न विशेष पहल गरिनेछ ।

६. दहेज प्रथालाई न्युनिकरण गर्ने गाउँपालिका अध्यक्ष कन्यादान योजना ल्याइनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रको बृद्ध बृद्धालालई सम्मानपुर्व जीवन यापन गर्नलाई बृद्धाश्रमको व्यवस्थापन गरिनेछ ।

वातावरण संरक्षण, खानेपानी तथा सरसफाईः-

१. खाली पर्ती जग्गामा उपभोक्ता समुह विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरिने छ ।
२. यस गाउँपालिकालाइ पूर्ण सरसफाई युक्त तुल्याउन उतर खुला दिसा मुक्त (Post ODF) सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी सरसफाइमा नमूना गाउँपालिकाको रुपमा स्थापित गरिने छ ।
३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड टयांक निर्माण तथा आर्टिजन कल जडान कार्यलाई प्रथमिकता दिई सो को लागि सम्बन्धित निकायहरुमा पहल गरिने छ ।
४. खुला दिशा मुक्त गाउँपालिका घोषणा भइसकेको अबस्थामा आधारभूत स्तरको सर- सफाईलाई दीगो बनाउन कार्यक्रम संचालन गरिनेछ ।
५. धुवाँ रहित गाउँपालिका बनाउनका लागि विद्युत उपयोग गर्न प्रोत्साहन गरिनेछ । विद्युतीय चुलो लगायत विद्युतबाट चल्ने घरायसी सामानहरुको प्रयोग विद्युतबाट संचालन हुने यातायातको साधन विद्युत खपत गर्ने उद्योग र विद्युत बचत हुने समयमा बढी उर्जा खपत गर्ने उद्योगलाई थप सहुलियत प्रदान गरि ग्यास सिलिण्डर र चुलो समेत व्यवस्थापन गरिनेछ ।

शिक्षा तथा खेलकुद-

१. निरन्तर शिक्षा साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकालाई साक्षर घोषणा गरिनेछ ।
२. गाउँ क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिने छ ।
३. गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ ।
४. गाउँपालिका स्तरीय आयुर्वेद अस्पताल संचालन गराउनुको साथै प्रत्येक वडामा आयुर्वेद सेवा विस्तार गर्ने स्वस्थवृत्त योग कार्यक्रम संचालनको निति लिईने छ ।
५. जडिबुटिलाइ समरक्षण, सम्बद्रनको लागि जडिवुटी खेति तथा सो को बजारीकरण को लागि आधुनिक तरीकाले विशेष कार्यक्रम ल्याइनेछ ।
६. अर्गेनिक खेतीलाइ जोड दिइनेछ ।
७. पिपरा वडा नं.४ मा रहेका श्री राम नारायण अयोध्या मा.वि. पिपराभा शुरु हुने प्राविधिक विद्यालयमा दक्ष जनशक्ति तथा उचित शिक्षण सामाग्रीको व्यवस्था र नवीनतम प्रविधिको प्रयोग गरी गुणस्तरिय र सिपमुलक शिक्षाको सुनिश्चितता गरिनेछ ।
८. covid-19 का कारण पठन पाठनमा सृजना भएको अवरोधलाई दृष्टिगत गरि भर्चुल क्लास संचालन अनलाईन एजुकेशन टेलिभिजन एवम रेडियो मार्फत शैक्षिक क्रियाकलाप अगाडि बढाइनेछ ।
९. यस पिपरा गाउपालिका क्षेत्र भित्रका विपन्न र अपांगता भएका नागरिकका बालबालिका शहिदका छोराछोरी र जेहेन्दार विद्यार्थीहरुलाई निर्णय बमोजिम छात्रवृतिको व्यवस्था गरिनेछ ।
१०. श्री राम नारायण अयोध्यमा मा.वि.मा भएको जनता क्याम्पसलाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ ।

११. युवामा अनुशासन संस्कृतिको विकास शारिरिक तन्दुरुस्ती तथा मानसिक विकास एवम खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाका लागि निर्णय बमोजिम खेलकुद पूर्वाधारको निर्माण प्रतियोगिताको आयोजना र प्रशिक्षणको कार्यक्रम संचालन गरिनेछ।

१२. वालविकास तथा संरक्षणको लागि विशेष पहल गरिनेछ।

१३. हरेक वडामा एक एक ओटा माध्यमिक विद्यालयहरुलाई स्रोत सम्पन्न नमूना विद्यालयको रुपमा विकास गरिनेछ तथा त्यस्तो विद्यालयको आधारभूत तहसम्म अंग्रेजी माध्यममा पठन पाठनको शुरुवात गरिनेछ।

१४. हरेक वडाको एउटा माध्यमिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराई १/१ वटा Distance Learning Center तथा श्रव्य दृष्य कक्षहरुको स्थापना गरिनेछ।

१५. विद्यालयको विषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching methods Training को व्यवस्था मिलाईनेछ।

१६. लागू औषध दुर्वयसनको कुलतमा फसेका युवाका सकारात्मक सुधारको लागि युवा सुधार गृहको व्यवस्थापन गरिनेछ।

स्वास्थ्य

१. पिपरा गाउँपालिका वडा नं. ३ पिपरामा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई अति सुविधा सम्पन्न अस्पतालको रुपमा बनाउने विशेष पहल गरिनेछ र प्राथमिक स्वस्थ्य केन्द्रमा आकस्मिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी लागू गरिनेछ।

२. एम्बुलेन्स सेवालाई गाउँपालिकाको हकमा पूर्णतया निशुल्क गरिनेछ।

३. स्वास्थ्य विमा कार्यक्रमलाई आत्मसाथ गर्नको लागि आवश्यक व्यवस्थापनका लागि बजेट एवम पैरवी गर्नेछ।

४. पूर्ण खोप गाउँपालका घोषणा भएको अवस्थामा दिगोपना तथा खोजपडताल कार्यलाई निरन्तरता गर्नको साथै सबै वालवालिकाले पूर्ण खोप लागेको सुनिश्चित गरिनेछ।

५. गरिव तथा विपन्न नागरिकहरुको लागि दिर्घ रोग जस्तै मुटु, दम, मधुमेहका रोगीहरुलाई औषधि निशुल्क उपलब्ध गरिनेछ।

६. कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सृजना हुने स्वास्थ्यको जोखिमको न्युनिकरण गर्न रोगको रोकथाम नियन्त्रण तथा उपचारको लागि निर्णय बमोजिम आवश्यक सबै क्रियाकलापहरु गरिनेछ।

७. पिपरा गाउँपालिकाको प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गरिनेछ।

८. पिपरा गाउँपालिकाको अति विपन्न र अपांङ्गता भएको नागरिकहरुको तथा शहिदका ५ बर्ष मुनिका छोरा छोरीहरुलाई पोषणको लागि विशेष कार्यक्रम ल्याइनेछ।

कृषि विकास तथा सहकारीः-

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सहकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नी अवलम्बन गरिने छ।

२. गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ।

३. गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने।

४. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईनेछ ।

५. हरियो घासको खेतिलाइ बढाँवा दिइनेछ ।

६. कोरोना महामारीको कारण उत्पन्न भएको चुनौती र अवसरलाई संवोधन गर्न कृषिमा श्रम परिचालन कृषि कार्यको व्यवसायीकरण र आधुनिकीकरण गरि काम र रोजगारी सृजना गरिनेछ ।

७. किशानलाई गुणस्तर उन्नत जातको विउ निर्णय अनुसार अनुदानमा उपलब्ध गराउन पहल गरिनेछ ।

८. कृषि जमिनमा कृषकको पहुँच विस्तार गर्न करार खेती चक्ला बन्दी सामुदायिक सामूहिक सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । त्यस्तो खेती गर्नु किसानहरुलाई गाउँपालिकाबाट निर्णय बमोजिमको अनुदान समेत व्यवस्था गर्नेछ ।

श्रम तथा रोजगार

१. कोरोना कारण देशको श्रम बजारमा कार्यरत विदेशी कामदारहर स्वदेश फर्के पछि सृजना हुने वेरोजगारी अवसर पाउने गरि सिप विकास, तालिम र प्रविधिको पहुँच गराउने कार्यक्रम संचालन गरिनेछ र कोरोनाका कारण रोजगारी गुमेका र तत्काल पूर्ण उत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सिप रुपान्तर गरि अन्यत्र काम गर्ने सक्षम तुल्याउन उत्पादन र सेवा क्षेत्रका हस्तकला पलम्विङ, विजुली मर्मत, इलेक्ट्रोनिक्स सिकर्मी डकर्मी सिलाई कटाई, व्युटिसियन, कुक, कपाल कटाई लगायतका तालीम व्यस्थापन गरिनेछ ।

प्रशासन एवं सुशासन

१. राज्यको लक्ष्य निति बमोजिमको राज्यको सूचक तथा मापदण्डलाई पूरा गरि कर्मचारीहरुले कार्य गरेको खण्डमा निर्णय बमोजिम कर्मचारीहरुको प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

२. यस गाउँपालिकाबाट आम समूदायलाई शान्ति सुरक्षा कायम गर्न गाउँ प्रहरी भर्ना अवधारणा ल्याइनेछ ।

राजस्वः-

१. एकीकृत सम्पति कर लागु गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।

२. उद्योग व्यवसायी संगको सहकार्य र समन्वयमा व्यवसाय करलाइ व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाइ करको दायरामा ल्याइने छ ।

३. वार्षिक रु १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाइ विषेश रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिइ घरदैलो सेवा उपल्बध गराइने निति अवलम्वन गरिनेछ ।

५. नक्सा पास नभइ बनेका घरहरुलाइ व्यवस्थित गर्न केहि समय को लागि नकसा पास दस्तुर छुट गरि सबै निर्मित घरहरुको नक्सा पास गराउने नीति अबलम्बन गरिनेछ ।

प्रशासन सुशासन तथा पारदर्शिताः-

१. गाउँपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापन मा समायानुकुल सुधार्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरि अद्यायवधिक गर्दै लगिनेछ ।

२. गाउँपालिका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेबमोजिमको पोशाक भत्ता बापतको रकम उपलब्ध गराइ तोकिएको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउने व्यवस्था गरिने छ।

३. कार्यलयका कर्मचारीहरुमा स्वछ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादित पुर्न व्यवहार गर्ने नितिलाई प्रभावकारी बनाइने छ ।

४. e-governance को अवधारना बमोजिम गाउँपालिकाको क्रियाकलापलाई लगिने नीति लिइनेछ ।

आदर्निय माहानुभावहरु ,

माथि उलेखित क्षेत्रगत नीतिहरुको सफल कार्यनव्यन गर्न छैठो गाउँ सभामा आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय बमोजिमको आय व्यय सम्मानित सभा समक्ष निवेदन गर्न चहान्छु । कुल बार्षि बजेट रु ४७२१५८६००।-(सैतालीस करोड एकाइस लाख अन्ठाउन हजार छ सय मात्र)अनुमान गरीएको छ ।

| शिर्षक | | आ.व. २०७७/०७८ को अनुमान | अक्षरुपीमा | कैफियत |
|---|---|---|---|---|
| आय | | ४७,२१,५८,६०० | सैतालीस करोड एकाइस लाख अन्ठाउन हजार छ सय मात्र । | |
| राजश्व | | १०,७७,०५,६०० | दश करोड सत्तहत्तर लाख पाँच हजार छ सय मात्र | |
| आन्तरिक राजश्व | | ३,००,००,००० | तीन करोड | |
| राजश्व वाँटफाँट प्राप्त रकम (संघीय सरकार) | | ७,३५,४६,६०० | सात करोड पैतीस लाख छयालसीस हजार छ सय मात्र । | |
| राजश्व वाँटफाँट प्राप्त रकम (प्रदेश सरकार) | | ४१,५९,००० | एकचालीस लाख उनसाठी हजार मात्र । | |
| अन्तर सरकारी वित्ति हस्तान्तरण | | ३१,४४,५३,००० | एकतीस करोड चौवालीस लाख त्रिपन्न हजार मात्र | |
| संघीय सरकारबाट प्राप्त- समानीकरण अनुदान | | ११,८४,००,००० | एघार करोड चौरासी लाख मात्र । | |
| संघीय सरकारबाट प्राप्त- सशर्त अनुदान | | १७,५७,००,००० | सत्र करोड सन्ताउन लाख मात्र । | |
| प्रदेश सरकारबाट प्राप्त- समानीकरण अनुदान | | ७३,५३,००० | त्रिहत्तर लाख त्रिपन्न हजार मात्र । | |
| प्रदेश सरकारबाट प्राप्त- सशर्त अनुदान | | ८०,००,००० | असी लाख मात्र । | |
| प्रदेश सरकारबाट प्राप्त- समपुरक अनुदान | | २०००००० | बीस लाख मात्र । | |
| प्रदेश सरकारबाट प्राप्त- विशेष अनुदान | | ३०००००० | तीस लाख मात्र । | |
| गत आ.व. को बाँकी बैंक मौज्दात | | ५००००००० | पाँच करोड मात्र । | |
| आ.व. २०७६/०७७ | | ५०००००० | पाँच करोड मात्र । | |
| जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | संघीय सरकारबाट प्राप्त भएका बखत पेश हुने । | | | |
| सडक बोर्ड | संघीय सरकारबाट प्राप्त भएका बखत पेश हुने । | | | |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | संघीय सरकारबाट प्राप्त भएका बखत पेश हुने । | | | |
| अन्य स्रोतबाट आउने कार्यक्रम | आएका बखत पेश हुने । | | | |
| जम्मा बजेट रु. | | ४७,२१,५८,६०० | सैतालीस करोड एकाइस लाख अन्ठाउन हजार छ सय मात्र । | |

उपरोक्त उल्लेखित रकम बाहेक नेपाल सरकारवाट प्राप्त हुने रकम प्राप्त भएका बखत समेत सभामा पेश गिरनेछ । यसै गरी व्यय तर्फ राजश्व बाँड फाँड वाट प्राप्त रकम चालु खर्च तर्फ खर्च हुन्छ भन्ने शसर्त अनुदान वाट प्राप्त रकम तोकिएकै कार्यक्रम वमोजिम खर्च हुने छ । समानिकरणवाट प्राप्त रकम पुर्णतया विकास कार्यक्रममा खर्च हुनेछ ।

योजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधारको रुपमा लिईएको छः

- नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु ।
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली ।
- नेपालको संविधानको अनुसूची - ८ बमोजिम कर लंगाउन पाउने क्षेत्र ।
- पन्ध्रौ त्रिवर्षिय योजनाको आधारपत्र ।
- नेपाल सरकारको आ.व. २०७७/०७८ को बजेट ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
- योजना तर्जुमा दिग्दर्शन २०७४ ।
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान ।
- बजेटको सिद्धान्त उदेश्य र प्रथमिकता ।
- अन्य बजेट सम्बन्धी उपलब्ध सामग्रीहरु ।

धन्यवाद

.................................

बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन
२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

३. बस्ती / टोल स्तरबाट योजना छनौट
४. वडा स्तरीय योजना प्राथमिकिकरण
५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा
६. कार्यपालिकाबाट स्वीकृती
७. सभाबाट स्वीकृति

<u>आयोजना प्राथमिकीकरणका मुख्य आधारहरु</u>

- ❖ गरिवी न्यूनिकरण, रोजगारी सिर्जना र आंयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने,
- ❖ क्रमागत , उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- ❖ आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्याउने,
- ❖ स्थानीय श्रोत, साधन, श्रम, सीप र प्रविधिमा आधारीत,
- ❖ जनसहभागिता अभिवृद्धि गर्ने ,
- ❖ लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ,
- ❖ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनम योगदान पुर्याउने,
- ❖ स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- ❖ सेवा प्रवाह ,संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- ❖ स्थानिय तहले आवश्यक देखेका अन्य विषयहरु ।